निर्णयहरू:-

१. COVID-19 रोगको महामारी रोकथाम, प्रतिकार्य र नियन्त्रण गर्ने कार्यका लागि प्रयोग हुने एम्बुलेन्सहरूलाई सुरक्षात्मक दृष्टिकोणले बिरामी र चालकबीचको दूरी कायम राख्न पार्टेसन गर्ने सम्बन्धमा स्वास्थ्य कार्यालय, मकवानपुरले आवश्यक समन्वय गर्ने ।

२. व्यक्तिगत र संस्थागतरूपमा भइरहेको राहत वितरणको कार्यलाई तत्काल रोक्ने र राहत वितरणको लागि सहयोग गर्न इच्छुक व्यक्ति/संघ संस्थाले सम्बन्धित स्थानीय तह (वडा समेत) मा हस्तान्तरण गर्न सकिने र स्थानीय तहबाट मात्र राहत वितरण गर्ने ।

३. मिति २०७६-१२-२५ गतेदेखि अर्को सूचना जारी नभएसम्म हेटौंडास्थित खोपेगल्ली र बसपार्कमा रहेका तरकारी पसलहरूबाट होलसेलमात्र विक्री वितरण गरी खुद्रा तरकारी विक्री वितरण बन्द गर्ने र खुद्रा व्यवसायी मार्फत स्थानीय टोलहरूमा तरकारी विक्री वितरणको व्यवस्था मिलाउने । यसको समन्वय मकवानपुर उद्योग वाणिज्य संघले गर्ने ।

४. सबै सरकारी र निजी क्षेत्रका बैंकहरू अनिवार्यरूपमा नियमित खोली सुरक्षात्मक उपाय अपनाई Cash कारोबार गर्ने र ATM २४ सै घण्टा खुल्ने व्यवस्था मिलाउने ।

०७६।१२।२४

राज नेपाल
प्रमुख जिल्ला अधिकारी

भारत र तेस्रो मुलुकबाट चैत्र १ गते पश्चात् मकवानपुर जिल्लामा आएका व्यक्तिहरूको संख्या, तिनीहरुको स्वास्थ्य अवस्था, यस जिल्लामा स्थापना गरिएको क्वारेन्टाइन, Isolation Ward र ICU Ward को संख्या र तिनमा राखिएका व्यक्तिहरूको संख्या र स्वास्थ्य परीक्षण सम्बन्धी Report को विवरण

| क्र.सं. | स्थानीय तह | विदेशबाट आएकाहरूको संख्या | विदेशबाट आएकाहरूको प्रारम्भिक Screening गरिएको संख्या | प्रारम्भिक Screening गरिएकाहरूको स्वास्थ्य अवस्था | स्थापित क्वारेन्टाइन/Isolation/ICU को संख्या | क्वारेन्टाइन तथा Isolation मा रहेकाको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | हेटौडा उ.म.न.पा. | १८४ | १८४ | सामान्य रहेको | -हेटौडा एकेडेमिमा १०० बेडको क्वारेन्टाइन सञ्चालन गर्न सकिने अवस्थामा तयार गरिएको।<br>-४ ICU सहित ३४ Isolation Bed श्रमिक मा.वि.मा तयार गरिएको) | १जना Isolation मा रहेको र अन्य सबै होम क्वारेन्टाइनमा रहेका | |
| २. | थाहा न.पा. | ८२ | ८२ | सामान्य रहेको | अध्याय रिसोर्टमा २५ कोठामा क्वारेन्टाइन सञ्चालनको व्यवस्था मिलाइएको | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ३. | कैलाश गा.पा. | ६ | ६ | सामान्य रहेको | ५ बेडको क्वारेन्टाइन | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ४. | ईन्द्रसरोवर गा.पा. | १६ | १६ | समान्य रहेको | - | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ५. | भिमफेदी गा.पा. | १९ | १९ | सामान्य रहेको | - | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ६. | मनहरी गा.पा. | ६९ | ६९ | सामान्य रहेको | अग्नीहोत्री आश्रममा २५ बेडको क्वारेन्टाइनको व्यवस्था मिलाइएको । | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ७. | राक्सीराङ गा.पा. | ७ | ७ | सामान्य रहेको | २ बेडको क्वारेन्टाइन | होम क्वारेन्टाइनमा रहेको | |
| ८. | मकवानपुरगढी गा.पा. | २० | २० | सामान्य रहेको | - | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ९. | बकैया गा.पा. | १२ | १२ | सामान्य रहेको | छतिवनमा ४ Isolation Bed को व्यवस्था गरिएको र १२ बेडको क्वारेन्टाइन रहेको | सबै होम क्वारेन्टाइनमा रहेका | |
| १०. | बागमती गा.पा. | २४ | २४ | सामान्य रहेको | ५० बेडको क्वारेन्टाइन | सबै होम क्वारेन्टाइनमा रहेका | |
| | **जम्मा** | **४३९** | **४३९** | | **क्वारेन्टाइन बेड संख्या:- २१९**<br>**Isolation Bed संख्या:- ३४**<br>**ICU संख्या:- ४** | **क्वारेन्टाइनमा रहेका:- ०**<br>**Isolation मा रहेका:- १** | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय मकवानपुर

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी